नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎: ०११-६२०१०६
☎: ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र.संख्या प्र.०७८/७९ चौतारा

## प्रेस विज्ञप्ति

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) को संभावित संक्रमण रोकथाम तथा नियन्त्रणका यस जिल्लाभित्र उच्च सावधानी अपनाई नेपाल सरकारको निर्णय र निर्देशन अनुरुप काम भैरहेको सबैमा विदितै छ । यसै सन्दर्भमा प्रमुख जिल्ला अधिकारी श्री अरुण पोखरेलज्यूको अध्यक्षतामा बसेको जिल्ला सुरक्षा समितिको बैठकले मिति २०७८/०६/०१ गते देखि २०७८/०६/१५ गतेसम्म लागु हुनेगरी निम्नानुसारका निर्णयहरु गरेको व्यहोरा सर्वसाधारणका लागि यसै प्रेस विज्ञप्ती मार्फत जानकारी गराइएको व्यहोरा अनुरोध छ ।

१. नयाँ भेरियन्ट सहितको कोभिड-१९ महामारी सिन्धुपाल्चोक जिल्लामा समेत संक्रमण दर लाई मध्यनजर गर्दै संक्रमणको रोकथाम र नियन्त्रणका लागि संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी मिति २०७८/०५/१९ गते राती १२:०० बजे देखि मिति २०७८/५/३१ गते राती १२:०० बजेसम्मका लागि निषेधाज्ञा जारी गरिएकोमा जिल्लाका सबै स्थानीय तहहरुमा कोरोना संक्रमण नियन्त्रणमा आईनसकेको हुँदा संक्रमण थप फैलन नदिन जारी निषेधाज्ञाको शर्तहरु पूर्ण रुपमा पालना गर्ने गरी जिल्लाका सबै स्थानहरुमा मिति २०७८/०६/०१ गते राती १२:०० बजे देखि २०७८/०६/१५ गते राती १२ बजेसम्म निषेधाज्ञा आदेश पुनःजारी गर्ने निर्णय गरियो ।

२. स्थानीय तहहरुबाट विद्यालय संचालन गर्ने सम्वन्धमा अनुरोध भईआएकोले मिति २०७८/०३/१४ गते बसेको जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयानुसार स्वास्थ्य कार्यालय प्रमुख तथा शिक्षा विकास तथा समन्वय इकाई प्रमुख समेतको समिति गठन गरिएकोमा उक्त समितिबाट प्राप्त प्रतिवेदन समेतलाई आधार लिई शैक्षिक संस्थाहरु (विद्यालय) भौतिक उपस्थितिमा पठन पाठन गर्न/गराउन पर्ने भएमा नेपाल सरकारले जारी गरेको स्मार्ट लकडाउनको प्रावधान भित्र रही स्थानीय तहहरुले जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रसँग समन्वय गरी विद्यालयहरु संचालन गर्न सक्ने ।

३. अनावश्यक रुपमा मानिसहरु जम्मा हुने, भिडभाड गर्ने, सभा जुलुश गर्ने, जात्रा महोत्सव, भोज आदि नगर्ने/नगराउने ।

४. यस अवधिमा पर्ने चाडपर्वहरु स्वास्थ्य प्रोटोकलको पूर्ण पालना गरी न्यूनतम सहभागितामा साङ्केतिक रुपमा मात्र मनाउन पाउने ।

५. सर्वसाधारण व्यक्ति, समूह तथा संस्था लगायतका निकायहरुबाट आर्थिक, सामाजिक तथा व्यवसायिक गतिविधिहरु संचालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य मांपदण्ड पूर्ण रुपमा पालना गरेर मात्र गर्ने ।

स. प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎: ०११-६२०१०६
☎: ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र.संख्या प्र.०७८/७९ चौतारा

६. कोभिड-१९ सम्वन्धि आदेशको प्रभावकारी पालना सम्वन्धमा सुरक्षा निकायबाट नियमित तथा आकस्मिक अनुगमन गरिनेछ ।अनुगमनका क्रममा यस आदेशको अवज्ञा भएको पाइएमा कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश २०७८ अनुसार कारवाही हुनेछ । संक्रमण बढ्न गएमा यस आदेशमा भएका व्यवस्थाहरु कुनै पनि बेला पुनरावलोकन गर्न सकिनेछ ।

२. होटल व्यवसायहरुमा पूर्णरुपमा स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गरेर मात्र संचालन गर्ने गराउने व्यवस्थाका लागि अनुरोध गर्ने निर्णय गरियो ।

३. स्थानीय तहहरुले आ-आफ्नो क्षेत्र भित्र कोभिड-१९ संक्रमण जोखिमको अवस्था मूल्याङ्कन गरी निषेधाज्ञा थप खुकुलो वा कडाई गर्नुपर्ने अवस्था भएमा सो को लागि जिल्ला कोभिड-१९ व्यवस्थापन समितिमा विस्तृत विवरण (स्मार्ट लकडाउन कार्यविधि २०७८ बमोजिम) सहित सिफारीस गर्न अनुरोध गर्ने निर्णय गरियो ।

मितिः- २०७८/०५/३१

(बाबुराम खनाल)
सहायक प्रमुख जिल्ला अधिकारी
स. प्रमुख जिल्ला अधिकारी